विधेयकमा प्राप्त संशोधनका सूचनाहरूको एकीकृत विवरण

(प्रतिनिधि सभा नियमावली, २०८३ को नियम ११४ सँग सम्बन्धित)

विधेयकको नाम : रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान विधेयक, २०८३

संशोधनको सूचना पेस गर्नुहुने माननीय सदस्यहरू (दर्ताको क्रमअनुसार)

दर्ता नं.	माननीय सदस्यहरूको नाम, थर
१.	मा. परशुराम तामाङ्ग
२.	मा. नितिमा भण्डारी (कार्की)
३.	मा. सुशील खड्का
४.	मा. गुरु प्रसाद बराल

संशोधनको विवरण

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
१.	मा. परशुराम तामाङ्ग	५	**उपदफा (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखुपर्नेः-** "(क) बोर्ड अफ ट्रस्टी,"
२.	मा. परशुराम तामाङ्ग	६	**उपदफा (१) को खण्ड (च) र (छ)** झिक्नुपर्ने।
३.	मा. गुरु प्रसाद बराल	७	**उपदफा (१) मा देहायका खण्ड (ज) र (झ) थप गर्नुपर्नेः-** "(ज) गजेन्द्रनारायण सिंह अस्पताललाई मुख्य शिक्षण अस्पतालका रूपमा सुनिश्चित गर्ने। (झ) जनस्वास्थ्य, सामुदायिक स्वास्थ्य तथा बहुविषयक स्वास्थ्य शिक्षा सञ्चालन गर्ने।"
४.	मा. परशुराम तामाङ्ग	८	**उपदफा (२) को खण्ड (छ), (ज), (झ), (ञ), (ट) र (ड)** झिक्नुपर्ने।
५.	मा. गुरु प्रसाद बराल	१७	**उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखुपर्नेः-** "(१) कुलपति प्राज्ञिक व्यक्तिबाट नियुक्त हुनेछ।"
६.	मा. गुरु प्रसाद बराल	१९	**उपदफा (३) मा देहायको खण्ड (घ) थप गर्नुपर्नेः-** "(घ) उपकुलपति नियुक्ति प्रक्रिया पारदर्शी र प्रतिस्पर्धात्मक बनाउने।"
७.	मा. परशुराम तामाङ्ग	२३	**उपदफा (२) मा रहेका,** - "तीन वर्ष" भन्ने शब्दहरूका सट्टा "१० वर्ष" भन्ने शब्दहरू राखुपर्ने।
८.	मा. परशुराम तामाङ्ग	२४	**उपदफा (२) मा रहेका,** - "कम्तीमा सहप्राध्यापक पदमा काम गरेको वा" भन्ने शब्दहरू झिक्नुपर्ने।
९.	मा. परशुराम तामाङ्ग	२५	**दफा २५ को ठाउँठाउँमा रहेका,** - "डीन र निर्देशक" भन्ने शब्दहरू झिक्नुपर्ने।

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
१०.	मा. परशुराम तामाङ्ग	२६	<u>उपदफा (३)</u> झिक्नुपर्ने। **उपदफा (४) मा रहेका,** - "डीन वा निर्देशक" भन्ने शब्दहरू झिक्नुपर्ने।
११.	मा. नितिमा भण्डारी (कार्की)	३२	<u>उपदफा (२) को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थप गरी त्यसपछिको खण्डक्रम मिलाउनुपर्ने</u>:- "(ङ) कुनै व्यक्ति, परिवार वा सङ्घ-संस्थाले स्थापना गरेको अक्षय कोष (Endowment Fund) बाट प्राप्त आय वा रकम, र"
१२.	मा. सुशील खड्का		

प्रतिनिधि सभा नियमावली, २०८३ को नियम ११३ को उपनियम (१) मा रहेका संशोधनसम्बन्धी सर्तहरूका अधीनमा रही ऐ.ऐ. नियमको उपनियम (२) बमोजिम क्र.स. १ देखि क्र.स. १२ सम्मका संशोधनका सूचनाहरू छलफलका लागि स्वीकृत।

.....
(डोल प्रसाद अर्याल)
सभामुख